**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 05.07.2024**

## टिईसी कन्टिट्युटेड

सिक्किममा पैह्रोले गरेको क्षतिको आकलन गर्न राष्ट्रिय आपदा प्रवन्धन प्राधिकरणले एउटा तकनिकी विशेषज्ञ समिति गठन गरेको छ । केन्द्रीय गृह मन्त्री श्री अमित शाहको दिशानिदेशमा गठित समितिको प्रतिनिधित्य सञ्चालन प्रभागका उप कमाण्डेन्ट श्री रजत मल्होत्रा र न्यूनीकरण प्रभागका वरिष्ठ सल्लाहकार (गल्फ) डा. पीयूष गौरवले गरिरहेछन्। टोलीले गत बुधवार तीन जुलाईका दिन मंगन जिल्लामा मांङशिलादेखि नागासम्म र साङकलङ र फिदाङका पैह्रो प्रभावित क्षेत्रहरूको भ्रमण गर्यो।

व्यापक सर्वेक्षण पछि टोलीले मंगनका जिल्लाधीश लाचेनका पिपनहरू र लाचेन जुम्साका सदस्यहरूसित बैठक गर्यो।

यसै क्रममा सिक्किम राज्य आपदा प्राधिकरणले राष्ट्रिय आपदा प्रवन्धन प्राधिकरणको तकनिकी विशेषज्ञ समितिसित बैठक गर्यो।

राज्यकी राहत आयुक्त तथा सचिव सुश्री नम्रता थापाले अध्यक्षता गर्नु भएको बैठकको उद्देश्य सर्वेक्षण टोलीद्वारा पत्तो लगाएका विषयहरूबारे चर्चा गर्नु र सम्वेदनशील क्षेत्रहरूमा क्षति न्यनीकरणमाथि ध्यान दिनु थियो।

सुश्री थापाले टोलीसित मंगन जिल्लाका प्रभावित क्षेत्रहरूमाथि ध्यान दिने र राज्य तथा केन्द्र सरकारलाई साझा गर्न एउटा विस्तृत रिपोर्ट तयार पार्ने आग्रह गर्नुभएको छ।

राहत आयुक्तले भारतीय भूविज्ञान सर्वेक्षण जिएसआई प्रभावित गाउँहरूलाई स्थानान्तरण गर्नका लागि उपयुक्त जमीनको पत्तो लगाउने निर्देश दिनुभयो।

## डिप्युटी स्पिकर भिजिट

राज्य विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमारी थापाले आज सोरेङ जिल्ला अधिन मङसारीमा मगरजोड़ परियोजना कार्यको निरीक्षण गर्नुभयो। उहाँसित अन्य बाहेक जिल्ला अध्यक्ष श्रीमती तिलादेवी गुरूङ र पूर्व विधायक श्री आदित्य गोले पनि जानुभएको थियो। भ्रमणावधिमा श्रीमती थापाले परियोजनाको विकास सम्वन्धमा सम्बन्धित अधिकृतहरू र हितधारकहरूसित कुराकानी गर्नुभयो। उहाँले सम्वन्धित अधिकृतहरूलाई निर्धारित समयमा परियोजना कार्य पूरा गर्नु भन्नुभएको छ। श्री आदित्य गोलेले मगर समुदायको सांस्कृतिक धरोहरको सम्वर्ध्यन गर्ने र स्थानीय संमुदायका लागि राजस्व अर्जन गर्न पर्यटक आकर्षणका थप सुविदाहरू उपलब्ध गराउने सुझाउ दिनुभयो।

## सिएम

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज हिमाचल प्रदेशको भाली स्थित दुर्गा माताको मन्दिरको दर्शन गर्नुभयो। मन्दिरमा उहाँले सिक्किमका मानिसहरूको तर्फबाट प्रार्थना गर्नुभयो। यसअघि बिहानको समयमा टिबेटन एसेम्बली गान्तोकका प्रतिनिधिहरू र छ वटा तिब्बती संघका कार्यकारी सदस्यहरूले मुख्यमन्त्रीसित भेट गरे। सिक्किम राज्यका अठाइसजना कालेज र स्कूलका

विद्यार्थीहरूले पनि श्री तामङसित भेट गरे। आध्यात्मिक गुरू दलाई लामाको नवासीऔं जन्मदिन मनाउन र उहाँको आशीर्वाद लिन उनीहरू धर्मशालामा भेला भएका छन्।

## क्लिलिनेस  ड्राईभ

पर्यावरण पर्व अन्तर्गत वन तथा पर्यावरण विभाग मंगनको तत्वावधानमा जिल्ला प्रशासनिक केन्द्र पेन्तोकमा आज स्वस्छता अभियान गरियो। यसमा जिल्लाधीश श्री अनन्त जैन, पुलिस अधिक्षक श्री सोनाम डेचु भुटिया, अन्य अधिकारीहरू र पुलिस कर्मीहरूको सहभागिता रह्यो।

वन तथा  पर्यावरण संरक्षणका क्रियाकलापहरू बढ़ाउन र जन सहभागितालाई प्रोत्साहित गर्न राज्य सरकारले यसै महीना पहिलो तारीकदेखि चौध जुलाईसम्म सिक्किम पर्यावरण पर्व पालन गरिरहेछ।। यो वर्ष यसको विषय छ 'हरित विरासत छोड़ि राखौं'।

यस अवधिमा अहिलेसम्म एक पेड़मा मेरो रूख मेरो सन्तति अन्तर्गत विरूवाहरू रोप्ने कार्य भयो। आँउदो आइतवार सात जुलाईमा धरती मातालाई एक दिन पालन गर्दै व्यापक रूपमा विरूवारोपण अभियान गरिने भएको छ।

## पाक्योङ भानु जयन्ती

पाकिमको एउटा साहित्य संस्था सिक्किम प्रतिभा प्रतिष्ठानले यस वर्षको भानु जयन्ती भव्य रूपमा मनाउने भएको छ। पाकिम सामदायिक हल परिसरमा कवि भानु भक्त आचार्यको सालिगमा माल्यार्पणबाट कार्यक्रम शुरू भएर अरू कार्यक्रम सेन्ट जेभियर्स पाठशालाको हलमा आयोजन गरिनेछ।।

प्राप्त रिपोर्ट अनुसार शिक्षा मन्त्री श्री राजु वस्नेत मुख्य अतिथि रहनुहुने समारोहमा आकर्षण रामायण पाठ, कविता वाचन, लोक गीत तथा नृत्य प्रस्तुती र तर्क प्रतियोगिता रहनेछन्। यसैवीच नाम्ची जिल्ला प्रशासनिक केन्द्र पनि आज भानु जयन्ती समारोह आयोजनलाई लिएर बैठक डाकियो जिल्लाधीश सुश्री अनूपा तामलिङले अध्यक्षता गर्नु भएको बैठकमा यस वर्ष पनि विभिन्न कार्यक्रमहरू आयोजना गर्ने निर्णय लिइएको छ।

## पिएम

प्रधानमन्त्री  श्री नरेन्द्र मोदीले हिजो ओलेम्पिकमा भाग लिनका लागि पेरिस जाने भारत भारतीय दलसित भेट गर्नुभयो। खेलाड़ीहरूसित बातचीत गर्दै उहाँले भारतका खेलाड़ीहरू देशलाई गौरवान्वित तुल्याँउनेछन् भन्ने विश्वास व्यक्त गर्नुभएको छ श्री मोदीले भन्नुभयो ओलेम्पिकले जित्नका लागि नभएर सिक्ने पनि अवसर प्रदान गर्छ एथलिटहरूको कठोर परिश्रमको प्रशंसा गर्दै प्रधानमन्त्रीले भन्नुभयो हामीले अघि बढ्न र जित्नका लागि दृढ़ प्रतिज्ञा हुनुपर्छ। यसैवीच भारत छ सदस्यीय टोलीमा धनुर्धर तरूणदीप राई र उहाँका प्रशिक्षक श्री सोनाम छिरिङ भोटिया पनि सामेल छन्।